# प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः**-प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संसोधन गर्न बान्छनीय भएकोले

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नामप्रशासकिय कार्यविधि (नियमित गर्ने) (पहिलो संशोधन) ऐन, २०७८ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ मा संशोधनः**प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को सट्टा देहाएको दफा ३ राखिएको छः-

"**३. कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने**कर्णाली प्रदेश सरकारले आफ्नो नीति,कार्यक्रम र वजेटको कार्यान्वयन गर्न आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।"

**३. प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश निश्क्रिय भएपछि त्यसको परिणामः**प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेशनिश्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निश्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुर्याइ अघिनै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तब्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्डसजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा,कर्तब्य,दायित्व,दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न,चालु राख्न वा लागू गर्न सकिनेछ।